# निर्वाचन शिक्षा र सुशासन सम्वन्धि जनचेतना अभिवृद्धिका लागि

# सडक नाटक मार्गनिर्देशिका

## १. पृष्ठभूमिः

निर्वाचन लोकतन्त्र र सुशासनको प्रमुख आधार हो । निर्वाचन नै एउटा यस्तो माध्यम हो जसले जनताहरुलाई प्रत्यक्ष लोकतान्त्रिक पद्धतिमा सहभागि हुने अवसर प्रदान गर्छ । सुशासनले मानवअधिकार र आवधिक निर्वाचनको सुनिश्चितता गर्दै समता, सहभागिता, वहुलवाद, पारदर्शिता, जवाफदेहिता र विधिको शासनलाई प्रर्वधन गर्छ । अर्को शव्दमा यसले प्रजातन्त्रलाई मजवुतिकरण गर्दै दिगो शान्तिलाई प्रवद्धर्न गर्छ ।

निष्पक्ष, स्वतन्त्र, स्वच्छ र भयरहित निर्वाचनका लागि कर्णालीका आम नागरिक विशेष गरि महिला, दलित, जनजाती,गरिव र सिमान्तकृत वर्गका नागरिकको सचेतना अभिवृद्धि गर्दै सहभागिता वढाउने उद्धेश्यले यो क्रियाकलाप तयार गरिएको हो । नाटकमा श्रव्य र दृश्य दुवै हुने भएकाले यो ग्रामीण स्तरमा सचेतना अभिवृद्धिको एक सशक्त माध्यम बनेको छ । स्थानीय सवाल र मुद्दाहरुमा आधारित भएर तयार पारिने भएकाले स्थानीय जनताको संवेदनालाई यसले सजिलै छुने र सन्देशहरुलाई निकै प्रभावकारीरुपमा सम्प्रेषण गर्ने भएकाले पनि यसलाई लोकप्रिय जनचेतना अभिवृद्धिको माध्यम मानिन्छ । मनोरञ्जनका साथै जनचेतनामूलक सन्देश प्रवाह नै यसको लोकप्रियताका कारण हुन ।

## २. उद्देश्य :

- आम नागरिकलाई निष्पक्ष, भयमुक्त तथा स्वच्छ निर्वाचन सम्वन्धी चेतना अभिवृद्धि गरी निर्वाचनमा सहभागी गराउन उत्प्रेरित गर्ने
- निर्वाचन अवधारणा, निर्वाचन प्रणाली र यसको महत्व वारे जानकारी गराई निर्वाचनका प्रक्रियामा सहभागि गराउने
- कर्णालीमा शुसासनको प्रबर्धनका लागि स्थानीय रुपमााहुने बिभिन्न खालका निर्वाचनमा उपयुक्त प्रतिनिधीको चयन गर्नको लागि आम नागरिकहरुलाई सचेत गराउने ।
- सुशासनका बारेमा जनचेतना बढाउने ।

## ३. प्रदर्शन गर्ने स्थान :

- प्रत्येक जिल्लामा १ पटक

- प्रत्येक जिल्लाका ४ वटा गा.वि.सहरुमा (जनसंख्याको घनत्व धेरै भएको र २ वा ३ वटा गाविसहरुलाई पाएक पर्ने हिसावले, फरक फरक भौगोलिक क्षेत्रहरुमा)
- धेरै मानिसहरु एकै ठाँउमा एकै पटक भेला हुने स्थानहरु

**४. नाटक कहिले देखाउने:** चाड, पर्ब तथा स्थानीय आबश्यकता अनुसारको समयमा

**५. नाटक कसले तयार गर्ने:** मतदाता शिक्षा तथा लोकतान्त्रिक शुसासन सम्वन्धि विषयमा जिल्ला तथा गा.वि.स स्थित क्लवहरु तथा नाट्य समुहहरुलाई परिचालन गरी तयार गर्ने  तर कार्यक्रम अधिकृतले नाटक हेरी अन्तिम स्वीकृति दिने

**६. प्रति क्रियाकलाप बजेट**

| | |
|---|---|
| गा.वि.समा १ पटकका लागि | रु ७,५०० मात्र |
| जिल्ला स्तरको लागि १ जिल्लाका लागि | रु १०,००० मात्र |

**७. नाटक देखाउनु अघिको तयारी र आवश्यक सूचना संप्रेषण**

- जिल्ला तथा स्थानीय स्तरमा संभावित क्लव तथा समुहहरुको छनौट
- स्क्रिप्ट लेख्न लगाउने
- स्क्रिप्टमा आफ्नो सल्लाह दिई अन्तिम रुप दिने
- नाटकको तयारी गर्न लगाउने र आफूले हेरी स्वीकृति दिने
- सडक नाटकको लागि स्थान छनौट
- आवश्यक सामग्री संकलन तथा निर्माण
- जिल्ला तथा स्थानीय स्तरमा कार्यकमको लागि प्रचार प्रसार
- गाँउ स्तरको नागरिक समूहलाई परिचालन गर्ने
- जिल्ला तथा स्थानीय संचार माध्यमहरुलाई जानकारी तथा  पत्राचार गरी जनतालाई खबर गर्ने

**८. सहकार्य या संयोजन गरिनुपर्ने संस्था, निकाय वा व्यक्तिहरु**

जिल्ला स्थित साझेदार संस्था, जिल्ला समन्वय समिती, सरोकारवाला निकायहरु, राजनीतिक दल, नागरिक समाज, संभावित नेताहरु,  पत्रकार, स्थानीय संचार माध्यमहरु, विद्यालय तथा क्याम्पसहरु, प्रहरी, प्रशासन, स्थानीय स्तरका वाल तथा युवा क्लवहरु

## ९. सडक नाटकमा सम्बोधन हुनुपर्ने केही महत्वपूर्ण सवालहरु

९.१.  निर्वाचन : नाटकमा निर्वाचन के हो ? निर्वाचनमा किन सहभागी बन्नु पर्दछ र निर्वाचनमा सहभागी हुन के के योग्यता पुग्नु पर्दछ भन्ने कुरा उल्लेख हुनु पर्ने ।

निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो र संसद वा संविधान सभाको निर्वाचन मात्र नभएर विद्यालय व्यवस्थापन, वन उपभोक्ता, अन्य उपभोक्ता समिति स्थानीय राजनीतिक दलको जिल्ला गाउँ तहमा हुने निर्वाचन, स्थानीय निकायको निर्वाचन, सामाजिक संघ संस्था, सहकारीको निर्वाचन र त्यस्ता निर्वाचनलाई स्वच्छ, धाँधली रहित र उपयुक्त वातावरणमा संचालन गर्नुपर्ने यसरी गरिने निर्वाचनले प्रजातन्त्रलाई मजबुद बनाउँछ भन्ने विषय स्थानीय समय, भाषा, आदिको आधारमा उल्लेख गर्ने  ।

९.२. लोकतान्त्रिक सुशासन  : लोक भनेको जनता र तन्त्र भनेको शासन हो । यसैले लोकतन्त्र जनताको शासन हो । सुशासन भनेको असल शासन हो । असल शासनमा पारदर्शिता, जवाफदेहिता, सहभागिता, समावेशिता सबैको विचारको सम्मान र कानुनको आधारमा शासन चल्नुपर्छ । कानुन जनताका निर्वाचित प्रतिनिधिले बनाउनुपर्दछ । सरकारी निकाय, गैरसरकारी संस्था र स्थानीय स्तरमा भएका संघसंस्था समूहहरु पनि नियम कानुनको अनुसार चल्नुपर्दछ भन्ने विषय उजागर गर्दै निर्वाचन र सुशासनको महत्वपूर्ण सम्बन्ध देखाउने ।

९.३. कर्णाली सवालहरु : नाटकमा जिल्ला र ठाँउ विशेषको आधारमा आफ्ना महत्वपूर्ण प्राथमिकता सवाल के हुन्छ र तिनलाई कसरी उठाउने भन्नेबारे देखाउने ।

९.४. महिला अधिकार :  महिलाको जनसंख्या देशको आधा भाग रहेको छ । महिलाहरु हाम्रा दिदी, बहिनी, भाउजु, जीबन साथी, आमा लगायत मान्यजन र घरका सदस्य हुन् । उनीहरुको समान सहभागिता र विकास बिना देश विकास हुन सक्दैन । त्यसैले महिलालाई पनि देश विकासमा सघाउनु पर्दछ । उनीहरुलाई बराबरी रुपमा नेतृत्वका ल्याउनुपर्ने र यसमा पुरुषले सघाउनु पर्ने विषय नाटकको छलफलमा उठाउने । विद्यालयमा महिला शिक्षिकहरुले पढाएको, नर्सले बिरामीको सेवा गरेका, महिला सेना भएको विषय जोड्दै महिलाले सबै काम गर्न सक्छन् भन्ने चित्रण गर्ने ।

९.५. समावेशिता  : ठाउँ, समाज परिस्थिती अनुसार समाजमा पछाडी पारिएका वर्ग समुदाय (दलित, गरिब, जनजाती, लोपुन्मुख, तेश्रो लिङ्गी.....) लाई पनि सबै ठाउँमा समानुपातिक रुपमा प्रतिनिधित्व

गराउनु पर्ने विषय उल्लेख गर्ने । फुलबारीमा रंगरंगका फुलले बगैचा राम्रो भए जस्तै सबैको प्रतिनिधित्व भए गाँउ, समाज, संस्था राम्रो हुने विषय प्रस्तुत गर्ने ।

९.६. अन्य सरकार राजनीतिक दल, नागरिक समाज र नागरिकको सहकार्यमा देश विकास गर्न सकिन्छ । हामीले हाम्रो टोल, छिमेक, गाउँ राम्रो बनायौं भने जिल्ला अञ्चल हुँदै देश राम्रो हुन्छ र यो सम्भव छ भन्ने सन्देश दिने ।

समग्रमा नाटकमा राजनीतिक दल, सरकार तथा नेताहरुलाई व्यक्तिगत रुपमा नकारात्मक रुपमा चित्रण नगरी निर्वाचन, सुशासन र स्थानीय मुद्धाहरुको बारेमा देखिएका समस्यालाई उजागर गर्ने र त्यसको समाधानको लागि नागरिक जागरुक, सचेत र सशक्तहुदै आफैले पहलकदमी लिनुपर्ने विषय नाटकमा उल्लेख गर्ने ।

## १०. नाटक तयार पार्दा ध्यानदिनुपर्ने केही कुराहरु :

- स्थानीय भाषा भेषको प्रयोग
- स्थानीय लोकसंस्कृति, परम्परा र चालचलन समेट्ने
- कार्यक्रमको प्रमुख सवालः  निर्वाचन, लोकतन्त्र, सुशासन, महिला सहभागिता, समावेशीकरण र स्थानीय मुद्धा
- नाटकलाई रोचक  तथा प्रभावकारी बनाउन स्थानीय कलाकारको सहयोगमा एकजनाले स्क्रिप्टको तयारी
- ससाना उखान, टुक्का, गीत, मुक्तक समावेश
- हाँस्यलाई व्यंगमा जोड्ने प्रयास गर्ने ताकि नकारात्मक विषयमा रमाइलो वातावरणमा छलफल होस्
- कसैप्रति नकारात्मक टिका, टिप्पणी तथा घोचपेच नहोस्
- तयार भएको नाटक कार्यक्रमका साथीहरु र संस्थाको साथीले हेरी आवश्यक सरसल्लाह दिई अन्तिम रुप दिने

*नोटः अन्य सहयोगका लागि कार्यक्रमका क्षेत्रिय संयोजक, परियोजना आधिकृत तथा राष्ट्रिय परियोजना संयोजक संग सम्पर्क गर्नुहोला ।*